गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
**प्रदेश जनस्वास्थ्य कार्यालय, बागलुङ**

मासिक


# जनस्वास्थ्य बुलेटिन

**आर्थिक वर्षः ५** **अंकः ३८** **महिनाः ३८** **फागुन २०८२**

## बागलुङ जिल्लामा दादुरा संक्रमणको वृत्तान्त

### पृष्ठभुमि

मिति २०८२/११/०८ गते ढोरपाटन नगरपालिकामा स्थित बुर्तिबाङ अस्पतालमा दादुराको लक्षण लिएर बिरामी आएपछि स्याम्पल लिई २०८२/११/१० गते National Public Health Laboratory (NPHL) मा परिक्षणका लागि पठाइएको हो। Fever with Rash को लक्षण लिएर अन्य मानिस पनि अस्पतालमा आउने क्रम बढेको हुनाले समुदायमा दादुरा फैलिएको आशंका गरि २०८२/११/१७ गते प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङ तथा ढोरपाटन नगरपालिकाको समन्वय तथा सहजीकरणमा बुर्तिबाङ अस्पताल सहितको टोलि सम्भावित केश आएको ढोरपाटन नगरपालिकाको वडा नं ०८ को समुदायमा गई १० वटा sample collection गरी पुनः NPHL मा परिक्षणका लागि पठाईयो। त्यसपछि २०८२/११/२० गते समुदायमा केशको संक्रमणको अवस्थाको अध्ययन तथा contact tracing को लागि स्वास्थ्यकर्मी परिचालन गराउन एवं समुदाय सचेतनाको योजना निर्माण गर्न प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङ तथा ढोरपाटन नगरपालिकाको समन्वयमा धौलागिरी प्रादेशिक अस्पताल तथा बुर्तिबाङ अस्पतालको टोलि ढोरपाटन नगरपालिकामा खटियो। मिति २०८२/११/२० गते NPHL मा ०८ गते पठाईएको स्याम्पल परिक्षणका आधारमा दादुरा संक्रमण भएको पुस्टि भयो। मिति २०८२/११/२३ मा ढोरपाटन नगरपालिकामा दादुरा माहामारीको रुपमा फैलिएको भनेर जनस्वास्थ्य सेवा ऐन, २०७५ तथा स्थानीय सरकार संचालन ऐन २०७४ मा भएको व्यवस्था बमोजिम ढोरपाटन नगरपालिकाद्वारा घोषणा गरियो।



# Outbreak response

## Immediate response

NPHL बाट दादुरा संक्रमण भएको पुस्टि भए पश्चात प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङ, बुर्तिबाङ अस्पताल तथा ढोरपाटन नगरपालिकाको संयुक्त प्रयासमा तत्काले केश पहिचान, संक्रमण रोकथाम, तथा केश व्यवस्थापनका लागि चालिएका कदमः

**Case Investigation and Contact Tracing**

- Primary case पहिचान गर्न स्वास्थ्यकर्मी परिचालन गरिएको।
- २०८२/११/२० गतेदेखि समुदाय स्तरमा दादुरा संक्रमित व्यक्तिको घर तथा समुदायमा गई केश पहिचान गर्ने, संक्रमित व्यक्तिको movement को आधारमा contact tracing गर्न स्वास्थ्यकर्मी परिचालन गरिएको ।
- ढोरपाटन नगरपालिका संग जोडिएका स्थानीय तहमा स्वास्थ्यकर्मी परिचालनका लागि तयारि अवस्थामा राखी आवश्यकता अनुसार परिचालन गरिएको।
- विश्व स्वास्थ्य संगठनद्वारा छुटेका केश पहिचान गर्न Independent Field Monitors खटाइएको।

**Transmission Control**

- २०८२/११/२० गते बागलुङ जिल्लाका सम्पूर्ण स्थानीय तहलाई दादुरा को लक्षण देखिएका बिरामी स्वास्थ्य संस्थाको सम्पर्कमा आए तुरुन्त सुचना सम्प्रेषण गर्न समन्वय गरिएको।
- सहयोगी संस्थाको सहयोगमा IEC materials छपाई एवं सामाजिक परिचालक मार्फत समुदाय सचेतनाको क्रियाकलाप गरिएको।
- दादुरा संक्रमण एवं रोकथामका उपायबारे पत्रपत्रिका, एफ.एम. अनलाईन मेडिया, IEC materials एवं सोसल मेडिया मार्फत प्रचारप्रसार गरिएको।
- दादुरा संक्रमण एवम रोकथामका उपाय सम्बन्धि विद्यालय स्वास्थ्य शिक्षा संचालन गरिएको।
- २०८२/११/२३ गतेबाट ढोरपाटन नगरपालिकाका सम्पूर्ण विद्यालय बन्द गरिएको।

**Case Management**

- गण्डकी प्रदेश स्वास्थ्य मन्त्रालय, प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङ एवं ढोरपाटन नगरपालिकाद्वारा बिरामीको उपचारको लागि बुर्तिबाङ अस्पतालमा logistic support गरिएको।
- २३ गते बाट बुर्तिबाङ अस्पतालमा दादुराको संक्रमण भएका बिरामीको उपचारका लागि छुट्टै वार्ड संचालनमा ल्याईएको।
- अस्पतालमा case load कम गर्न बोबांग स्वास्थ्य चौकीमा isolation and management को लागि ५ शैय्याको व्यवस्थापन गरिएको।
- धौलागिरी प्रादेशिक अस्पताल तथा बडीगाड आधारभूत अस्पतालमा आवश्यकता अनुसार Case Management का लागि पूर्वतयारी गरिएको।

## Outbreak Response Immunization (ORI)

राष्ट्रिय खोप सल्लाहकार समितिको सल्लाह एवं स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको २०८२/११/२७ को निर्णय अनुसार ढोरपाटन नगरपालिकाको १० देखि १९ वर्षको उमेर समूहलाई लक्षित गरि प्रतिकार्य खोप अभियान संचालन गर्ने निर्णय गरे पश्चात ढोरपाटन नगरपालिकाका २५ वटा विद्यालय तथा १० वटा संस्था संस्थामा दादुरा विरुद्धको खोप अभियान संचालन गरिएको हो।

**अभियानको पूर्वतयारीः**

**स्वास्थ्यकर्मीको अभिमुखीकरण**

- मिति २०८२/११/२७ गते भर्चुअल सेसन मार्फत मिति २०८२/११/२९ देखि चैत्र १ गते सम्म संचालन हुने दादुरा विरुद्धको विशेष खोप अभियान संचालन तथा दादुराको संक्रमण र रोकथामको अवस्थाबारे जिल्लाका सम्पूर्ण स्वास्थ्यकर्मीलाई अभिमखीकरण गरिएको थियो।

**लोजिस्टिक सप्लाई**

- प्रादेशिक स्वास्थ्य आपूर्ति केन्द्र, पोखरा देखि जनस्वास्थ्य कार्यालय बागलुङको कोल्डचेन स्टोरबाट बुर्तिबाङ अस्पतालमा रहेको सब-स्टोरमा खोप ढुवानी गरि त्यहाँबाट वितरण गरिएको थियो।
- खोप सेसन संचालन गर्न आवश्यक भ्याक्सिन क्यारियर, ए.ई.एफ.आई. किट लगायत नियमित खोप कार्यक्रममा प्रयोग हुने सामाग्री तथा अपुग भएको अवस्थामा नजिकका स्थानीय तहबाट स्वास्थ्यकर्मी लगायत अन्य अन्य सामाग्री समेत व्यवस्थापन गरिएको थियो।

**खोप कभरेज**

- मिति २०८२/११/२९ गते खोप अभियानको पहिलो दिन ४६१७ जनालाई खोप लगाइएको।
- खोप लगाए पश्चात सामान्य बाहेक अन्य अवान्छित घटना नघटेको।
- २०८२/१२/०१ गते सम्म स्वास्थ्य संस्थामा खोप प्रदान गरिने।





नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
परिवार कल्याण महाशाखा



राष्ट्रिय खोप कार्यक्रम

## ढोरपाटन नगरपालिका, बागलुङमा

# दादुरा प्रकोप सम्बन्धी जानकारी

**प्रतिवेदन नं. ६** **चैत्र १, २०८२ (15 March, 2026)**

### संक्रमणको अवस्था

| | | |
|---|---|---|
| **११३** शंकास्पद केसहरू | **२१** परीक्षणका लागि नमुना पठाइएको | **७** राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट दादुरा पुष्टि भएको |



ढोरपाटन नगरपालिकामा फागुन २९ गतेदेखि सुरु भएको दादुरा रोग विरुद्धको विशेष खोप अभियानमा हालसम्म **५६५६** जना, १० वर्ष देखि १९ वर्षसम्मका बालबालिका तथा किशोर-किशोरीलाई खोप दिइएको छ ।





ढोरपाटन नगरपालिकाको नक्सामा दादुरा महामारी फैलिएको अवस्थालाई चित्रित गरिएको छ ।

### विरामीको अवस्था

| | | | |
|---|---|---|---|
| बुर्तिबाङ अस्पताल | ६३ जना भर्ना | ३९ सफल उपचार | २४ जनाको उपचार भइरहेको |
| बोबाङ्ग स्वास्थ्य चौकी | १० जना भर्ना | ४ सफल उपचार | ६ जनाको उपचार भइरहेको |

### प्रभावित समूह

- ६ महिनादेखि ४८ वर्षसम्म
- १० देखि २० वर्ष उमेर समूह
- १६ वर्षकी १ गर्भवती महिला (१ महिना गर्भ)
- १८ वर्षकी १ स्तनपान गराइरहेकी महिला
- विरामीहरू मध्ये पुरुष ५७ र महिला ५६ जना

### विरामीमा देखिएका लक्षणहरु

- विरामीहरूमा सामान्य लक्षण देखि जटिल समस्याहरू देखिएका छन् र त्यसको सफल उपचार पछि धेरै विरामीहरू घर फर्किसकेका छन्।
- केही विरामीहरूमा पखाला, निमोनिया, पेट दुखाइ तथा नाकबाट रगत बग्ने (Epistaxis) जस्ता जटिलताहरू देखिएका छन् ।
- हालसम्म कुनै पनि विरामीको मृत्यु भएको छैन।

**सबै शंकास्पद बिरामीहरूलाई भिटामिन 'ए' प्रदान गरिएको छ, लक्षणअनुसार उपचार भइरहेको छ र संक्रमण फैलिन नदिन आइसोलेसनको व्यवस्था गरिएको छ ।**

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय


समुदायमा दादुरा रोगको संक्रमण देखिएकाले
सबैलाई सतर्क रहन अनुरोध छ
• दादुरा अत्यन्तै छिटो सर्ने रोग हो। एक जना दादुरा संक्रमित व्यक्तिले १८ जना व्यक्तिलाई संक्रमण सार्न सक्छ ।
• उच्च ज्वरो आउने, रुघाखोकी लाग्ने, आँखा रातो हुने, नाकबाट पानी बग्ने र शरीरमा रातो दाना देखिने जस्ता लक्षण देखिएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा गई उपचार गराउनुहोस् ।
• संक्रमण फैलिन नदिन शंकास्पद बिरामीलाई घरमा छुट्टै कोठामा राख्नुहोस्।
• खोक्दा वा हाच्छ्युँ गर्दा नाक-मुख छोप्नुहोस्, मास्क प्रयोग गर्नुहोस् र बेला-बेला साबुनपानीले हात धुनुहोस्।
• हाल धेरै मानिसहरू यात्रा गर्ने सम्भावना भएकाले लक्षण भएका व्यक्तिहरूले यात्रा नगर्नुहोस्।
• आवश्यक कामका लागि बाहिर जाँदा मास्क प्रयोग गर्नुहोस् र भीडभाडबाट टाढा रहनुहोस्।
प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङ

# दादुरा संक्रमण रोक्नका लागि स्थानीय तहको पहल

**ढोरपाटन नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**ढोरपाटन, बागलुङ**

**गण्डकी प्रदेश, नेपाल**

पत्र संख्या:- ०८२/०८३

चलानी नं.:-

मिति:- २०८२/११/२३

**ढोरपाटन नगरपालिकामा देखिएको दादुरा (Measles) संक्रमण सतर्कता सम्बन्धी सूचना**

ढोरपाटन नगरपालिकाको वडा नं. ७, ८ र ९ (वोवाङ, सेरावाङ र लाकुरिबोट) क्षेत्रमा हाल दादुरा (Measles) रोगका ५ वटा बिरामीहरू प्रयोगशाला (ल्याव) बाट पुष्टि भएका तथा ५० जना दादुरासँग मिल्दाजुल्दा लक्षण भएका बिरामीहरू पहिचान भएका छन्। तीमध्ये २२ जना बिरामीहरू बुर्तिबाङ अस्पतालमा उपचाररत रहेका छन् भने सामान्य केशहरुलाई व्यवस्थापन गर्नको लागि वोवाङ स्वास्थ्य चौकीमा Isolation center बनाई उपचार गर्ने योजना रहेको छ। यस अवस्थालाई मध्यनजर गर्दै ढोरपाटन नगरपालिकाका सम्पूर्ण वडाहरूमा उच्च सतर्कता अपनाउन सम्पुर्ण जनसमुदाय, सरोकारवालाहरु साथै स्वास्थ्य संस्थाहरुमा यो सुचना प्रकाशित गरिन्छ।

दादुरा अत्यन्त छिटो सर्ने भाइरल रोग हो, जुन संक्रमित व्यक्तिले हाछ्युँ वा खोकी गर्दा निस्कने स-साना थोपा (Droplet) तथा हावाको माध्यमबाट सर्ने गर्दछ। यो रोग विशेषगरी ६ महिना देखि ५ वर्षसम्मका बालबालिका, दादुरा–रुबेला (MR) खोप नलगाएका व्यक्तिहरू, तथा भीडभाड र घना बस्ती भएका समुदायहरूमा बढी जोखिमपूर्ण हुन्छ। हाल देखिएका बिरामीहरू मध्ये करिब ८०% बिरामीहरू १० वर्षदेखि १९ वर्ष उमेर समूहका व्यक्तिहरूमा देखिएको तथ्यांक रहेको छ।

दादुरा संक्रमणको प्रकोप व्यवस्थापन तथा न्यूनीकरण गर्ने उद्देश्यले मिति २०८२/११/२३ गते बसेको ढोरपाटन नगरपालिकाको स्थानीय द्रुत प्रतिकार्य समिति (Rapid Response Team–RRT) को बैठकबाट निम्न निर्णयहरू गरिएको हुँदा सम्पूर्ण नगरबासी जनसमुदाय, सरोकारवाला निकाय तथा समुदायमा पालना गर्न अनुरोध गरिन्छ।

निर्णय तथा अनुरोधहरू:

१. अर्को सूचना जारी नभएसम्म सम्पुर्ण वडाहरुमा अनावश्यक भेला, सभा, सम्मेलन, मेला तथा भीडभाड हुने कार्यक्रमहरू नगर्नु/नगराउनु।

२. सार्वजनिक स्थानमा निस्कँदा तथा मानिसको जमघट हुने स्थानमा जाँदा अनिवार्य रूपमा मास्क प्रयोग गर्ने।

३. सार्वजनिक सवारी साधनमा आवतजावत गर्दा अनिवार्य रूपमा मास्क प्रयोग गर्ने।

४. ज्वरो आउने, शरीरमा रातो दाना देखिने, खोकी, रुघाखोकी, आँखा रातो हुने जस्ता दादुरासँग मिल्दाजुल्दा लक्षण देखिएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा गई जाँच तथा उपचार गराउने, प्रशस्त मात्रामा पोषिलो र झोलिलो खानेकुरा खाने।

५. साबुनपानीले नियमित रूपमा हात धुने तथा व्यक्तिगत सरसफाइमा विशेष ध्यान दिने।

६. बालबालिकाहरूलाई समयमै नियमित खोप लगाउने तथा खोप छुटेको भए नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने।

७. स्थानीय स्वास्थ्य संस्थाहरुले राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका हरुलाई तत्काल अभिमुखिकरण गरि परिचालन गर्ने, समुदाय स्तरमा गरिएको Miking लाई थप प्रभावकारी रुपमा नियमितता दिने, संकास्पद सबै विरामीहरुलाई भिटामिन ए को क्यापसुल दिने।

८. अन्य वडाका स्वास्थ्य संस्थाहरुले समुदाय स्तरमा दादुरा निवारक (Measles Preventive) कार्यक्रमहरु सन्चालन गर्ने।

स्वास्थ्य शाखा
ढोरपाटन नगरपालिका, बागलुङ

"व्यावसायिक र सिर्जनशील प्रशासन, विकास र समृद्धिसहितको सुदृढीकृत ढोरपाटन"

www.dhorpatanmun.gov.np dhorpatanmunicipality10@gmail.com 068- 410180, 410181, 410182

# तमानखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बोंगादोभान, बागलुङ
गण्डकी प्रदेश, नेपाल


प.स : ०८२/०८३
च.नं. :

मिति:२०८२/११/२९

**दादुरा (Measles) संक्रमण सतर्कता सम्बन्धी सूचना !**

ढोरपाटन नगरपालिकाका केही वडाहरूमा हाल दादुरा (Measles) रोगका बिरामीहरूको उपचार भइरहेको तथा दादुरासँग मिल्दाजुल्दा लक्षण भएका बिरामीहरू बढ्दै गएकोले जानकारी प्राप्त भएको छ। उक्त गाउँपालिका तमानखोला गाउँपालिका सँग भौगोलिक तथा सामाजिक रूपमा नजिक भएकाले संक्रमण फैलिने सम्भावनालाई मध्यनजर गर्दै गाउँपालिकाका सम्पूर्ण वडाहरूमा उच्च सतर्कता अपनाउन सम्पूर्ण गाउँपालिका वासी जनसमुदाय, सरोकारवाला निकाय तथा स्वास्थ्य संस्थाहरूलाई यो सूचना जारी गरिएको छ।

दादुरा अत्यन्त छिटो सर्ने भाइरल रोग हो, जुन संक्रमित व्यक्तिले हाछ्यूँ वा खोकी गर्दा निस्कने स-साना थोपा (Droplet) तथा हावाको माध्यमबाट सर्ने गर्दछ। यो रोग विशेषगरी ६ महिना देखि ५ वर्षसम्मका बालबालिका, दादुरा-रुबेला (MR) खोप नलगाएका व्यक्तिहरू, तथा भीडभाड र घना बस्ती भएका समुदायहरूमा बढी जोखिमपूर्ण हुन्छ।

संक्रमणको सम्भावित जोखिमलाई मध्यनजर गर्दै तमानखोला गाउँपालिकाका सम्पूर्ण जनसमुदाय तथा सम्बन्धित निकायलाई निम्न अनुरोधहरू गरिन्छः

**अनुरोध तथा सुझावहरूः**

१. अनावश्यक भेला, सभा, सम्मेलन तथा भीडभाड हुने कार्यक्रमहरू सकेसम्म नगर्नु/नगराउनु।

२. सार्वजनिक स्थानमा निस्कँदा तथा मानिसको जमघट हुने स्थानमा जाँदा मास्क प्रयोग गर्ने।

३. सार्वजनिक सवारी साधनमा आवतजावत गर्दा मास्क प्रयोग गर्ने।

४. ज्वरो आउने, शरीरमा रातो दाना देखिने, खोकी, रुघाखोकी, आँखा रातो हुने जस्ता दादुरासँग मिल्दाजुल्दा लक्षण देखिएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा गई जाँच तथा उपचार गराउने।

५. साबुनपानीले नियमित रूपमा हात धुने तथा व्यक्तिगत सरसफाइमा विशेष ध्यान दिने।

६. बालबालिकाहरूलाई समयमै नियमित खोप लगाउने तथा खोप छुटेको भए नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने।

७. गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरूले महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका (FCHVs) हरूलाई परिचालन गरी समुदाय स्तरमा सचेतना कार्यक्रम सञ्चालन गर्ने।

८. दादुरा सम्बन्धी लक्षण भएका व्यक्तिहरूको शीघ्र पहिचान, आवश्यक व्यवस्थापन तथा स्वास्थ्य संस्थामा रेफर गर्ने व्यवस्था मिलाउने।

स्वास्थ्य शाखा
तमानखोला गाउँपालिका

Email- ito.tamankholamun@gmail.com Website- www.tamankholamun.gov.np

# निसीखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

दी[illegible] बागलुङ

गण्डकी प्रदेश, नेपाल

प.स: २०८२/०८३
च.नं.: C२६

मिति : २०८२/११/२८
ने.स.११४६ चिल्लागा नममी

विषय : जानकारी सम्बन्धमा ।

श्री निसीखोला गाउँपालिका अन्तर्गतका विद्यालयहरु सबै
श्री स्वास्थ्य संस्थाहरु सबै

प्रस्तुत विषयमा बागलुङ जिल्ला ढोरपाटन नगरपालिका भित्र दादुरा रोगको प्रकोप देखिएको कुरा हामीहरुले सामाजिक संजाल तथा विभिन्न माध्यमबाट जानकारी पाएको अवगत नै छ । दादुरा रोगको प्रकोपलाई नियन्त्रण गर्न निसीखोला गाउँपालिका अन्तर्गतका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा आउने विरामीहरुमा ,प्राथमिक विद्यालयहरु/आधारभूत विद्यालयहरु/माध्यामिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थिहरुमा दादुरा रोगको लक्षणहरु ज्वरो आउने, रुघाखोकी लाग्ने, आँखा रातोहुनका साथै शरिरमा विविराहरु देखिएमा नजिकको स्वास्थ्य संस्था वा निसीखोला गाउँपालिका स्वास्थ्य शाखामा जानकारी गरी दिनु हुन अनुरोध छ ।

२०८२/११/२८

जिवन पुनमगर
प्रमुख प्रशासकीय अधिकृत

## प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा फागुन महिनामा सम्पादित कार्यक्रम

### रास्ट्रिय प्रजातन्त्र दिवशको अवसरमा रक्तदान कार्यक्रम

रास्ट्रिय प्रजातन्त्र दिवशको अवसरमा प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङ, नेपाल रेडक्रस सोसाईटि, बागलुङ तथा सुरक्षा निकायको समन्वयमा मिति २०८२/११/०६ गते रक्त संचार केन्द्र बागलुङमा रक्तदान कार्यक्रम सम्पन्न गरिएको छ। उक्त कार्यक्रममा १५ जनाद्वारा रक्तदान गरिएको थियो।






## प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा फागुन महिनामा सम्पादित कार्यक्रम

### महिला सामुदायिक स्वास्थ्य स्वयंसेवीकाहरूका लागि १० दिने आधारभूत  तालिम

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङको आयोजना बागलुङ नगरपालिकाको समन्वयमा मिति २०८२/१०/२८ गते देखि सम्पन्न गरिएको छ। उक्त कार्यक्रममा प्रदेश जनस्वास्थ्य कार्यालयका कार्यालय  प्रमुख जनस्वास्थ्य प्रशासक श्री प्रविण शर्माको अध्यक्षता रहेको थियो। कार्यक्रममा बागलुङ नगरपालिका स्वास्थ्य शाखा प्रमुख राम प्रसाद खनाल,बागलुङ नगरपालिका वडा नं ८ का वडा अध्यक्ष छम बहादुर कार्की, सिगाना स्वास्थ्य चौकी प्रमुख शारदा सुवेदी पाैडेल,शाेभा कार्की ,राजेश पाैडेल,लक्ष्मी लामिछाने,प्रदेश जनस्वास्थ्य कार्यलयका सिनियर मलेरिया इन्स्पेक्टर कमला थापा सहित बागलुङ  नगरपालिका भित्रका ३,८ र ९ नं वडाहरुबाट आधारभुत तालिम लिन बाँकी १५ जना महिला सामुदायिक स्वास्थ्य स्वयमसेवीकाहरूकाे उपस्थिति रहेको थियो। १० दिने आधारभूत तालिम कार्यक्रम पश्चात् महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूले आफ्नो समुदाय तथा अन्य निकायमा गर्नुपर्ने काम कर्तव्य तथा भूमिकाहरू प्रभावकारी ढंगले गर्न सक्ने गरि उनीहरूको सीप तथा क्षमता विकास गर्ने उद्देश्यले यस तालिमको संचालन गरिएको छ।







## प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङद्वारा फागुन महिनामा सम्पादित कार्यक्रम

### स्वास्थ्यकर्मिहरुको निरन्तर क्षमता अभिवृद्धिको लागि CPHE (Continue Public Health Education) कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङ द्वारा सुरु गरिएको शुन्य बजेटको कार्यक्रम, नियमित मासिक भर्चुअल सेसन ४ अन्तर्गत २०८२/११/२७ गते बागलुङ जिल्लाको ढोरपाटन नगरपालिकाका विभिन्न क्षेत्रमा फैलिएको दादुरा संक्रमण नियन्त्रणको लागि स्वास्थ्यकर्मीहरुलाई अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रमको संचालन कार्यालयका प्रमुख जनस्वास्थ्य प्रशासक प्रविण शर्माले गर्नुभएको थियो भने सहजीकरण धौलागिरी प्रादेशिक अस्पतालका प्रमुख डा. किरण तिवारीले गर्नुभएको थियो।

कार्यक्रममा दादुरा संक्रमण, उपचार र यसको नियन्त्रणको बारेमा छलफल गरिएको थियो। साथै यहि मिति २०८२ फाल्गुन २९ देखि चैत्र १ सम्म ढोरपाटन नगरपालिकामा रहेका १०-१९ वर्ष उमेरका किशोर किशोरीहरुलाई दादुरा विरुद्दको विषेश खोप अभियान संचालन के कसरी गर्ने भन्ने बारेमा पनि स्वास्थ्यकर्मीलाई अभिमुखीकरण गरिएको छ।






# बागलुङ जिल्लास्थित विभिन्न स्थानीय तहद्वारा फागुन महिनामा सम्पादित कार्यक्रम

## बागलुङ नगरपालिका

- वडा स्तरीय नियमित खोप कार्यक्रम मा पूर्णखोप तथा एचपीभी खोपबारे अभिमुखीकरण ।
- स्वास्थ्य संस्थाहरूबाट सम्पादित स्वास्थ्य कार्यक्रमको मासिक बैठक तथा अभिमुखीकरण ।
- एचपीभी खोप अभियान सञ्चालन ।
- स्वास्थ्य संस्था व्यवस्थापन तथा सञ्चालक समिति का सदस्यहरूलाई अभिमुखीकरण तालिम नमस्कार। ।
- प्रदेश जनस्वास्थ्य कार्यालय बाग्लुङको आयोजनामा राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई आधारभूत तालिम सम्पन्न ।
- क्षयरोग पहिचानको लागि खकार परीक्षण ।
- असल खानपिन सम्बन्धी अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम ।
- जेष्ठ नागरिक स्वास्थ्य परीक्षण एवं नसर्ने रोगसम्बन्धी स्क्रिनिङ कार्यक्रम ।
- बाल तथा मातृ मृत्युदर न्यूनीकरणका लागि आधारभूत स्वास्थ्य सेवा कार्यक्रम अन्तर्गत वडास्तरमा पूर्णखोप सचेतना कार्यक्रम ।
- विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम ।
- दादुरा रोग नियन्त्रणको लागि सचेतना कार्यक्रम ।
- समुदायमा आधारित रोग निगरानी प्रणालीको लागि स्थानीय प्राविधिक समितिको बैठक सम्पन्न

## गलकोट नगरपालिका

- स्वास्थ्य संस्था प्रमुखहरुको मासिक बैठक तथा डाटा भेरिफिकेशन।
- गलकोट नगरपालिका वडा नं. १ र ७ मा नसर्ने रोगको बृहत स्किनिङ शिविर कार्यक्रम सम्पन्न।
- गलकोट नगरपालिका अन्तर्गतका ८ वटा वडाहरूमा नसर्ने रोग सम्बन्धि समुदाय स्तरमा जनचेतना मूलक कार्यक्रम सम्पन्न।
- पूर्ण खोपको घरधुरी सर्वेक्षण कार्यक्रम सञ्चालनमा रहेको ।
- किशोर किशोरी लक्षित स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन।
- दादुरा रुवेला सम्बन्धि जनचेतना मूलक कार्यक्रम सञ्चालन।
- गलकोट नगरपालिका अन्तर्गतका २ वटा स्वास्थ्य संस्थामा VIA तथा पाण्डवखानी स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड (MSS) कार्यक्रम सम्पन्न ।
- HPV खोप अभियान सम्पन्न।

## जैमिनी नगरपालिका

- मासिक प्रगति समीक्षा तथा डाटा भेरिफिकेसन बैठक।
- मानसिक स्वास्थ्य तथा विद्यालय शिक्षा कार्यक्रम।
- HPV खोप अभियान सम्पन्न।
- नसर्ने रोगको समुदायमा स्क्रिनिङ।
- पानिको गुणस्तर परिक्षण ।
- पुर्ण खोप दिगोपना सुनिश्चितताका लागि घरधुरि सर्वेक्षण।

## ढोरपाटन नगरपालिका

- किशोर किशोरी विद्यालय स्वास्थ्य शिक्षा ।
- संस्था प्रमुख हरुको मासिक बैठक तथा डाटा भेरिफिकेसन
- पुर्ण खोप सुनिश्चितताको लागि घरधुरी सर्वेक्षण ।
- HPV खोप अभिमुखिकरण तथा अभियान संचालन।
- CBIMCI Onsite coaching।
- दादुरा माहामारी सम्बन्धी विधालय तथा समुदाय स्तरमा सचेतना कार्यक्रम, वोवाङ स्वास्थ्य चौकिमा उपचार व्यवस्थापन, कन्ट्याक ट्रेसिङ साथै खोप अभियान संचालन।
- बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तरगत विभिन्न कृयाकलापहरु संचालन।

## निसिखोला गाउँपालिका

- मासिक समिक्षा बैठक  संचालन
- प्रजनन रुग्णता कार्यक्रम संचालन ।
- म.स्वा.स्व.से.हरुलाइ नसर्ने रोग सम्बन्धि अभिमुखिकरनण कार्यक्रम संचालन ।
- HPV खोप कार्यक्रम सम्पन्न
- पुर्ण खोप घरधुरी सर्बेक्षण ।
- किशोरकिशोरी र दादुरा रोग सम्बन्धि विद्यालय तथा समुदाय स्वास्थ्य शिक्षा  संचालन ।

## बडीगाड गाउँपालिका


- २०८२ माघ महिनामा सम्पादित स्वास्थ्य कार्यक्रमहरुको स्वास्थ्य संस्था प्रमुखहरुसँग मासिक समीक्षा कार्यक्रम संचालन।
- नसर्ने रोगको स्क्रिनिङ कार्यक्रम संचालन।
- पूर्ण खोप सुनिश्चितता तथा दिगोपना सम्बन्धी घरधुरी सर्वेक्षण कार्यक्रम संचालन।
- विद्यालयहरुमा अध्ययनरत किशोरी तथा विद्यालय नजाने किशोरीहरुका लागि HPV खोप प्रदान।
- गर्भवतीहरुका लागि ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम संचालन गरीएको।
- मानसिक स्वास्थ्य प्रवर्धन तथा आत्माहत्या रोकथाम सम्बन्धि जनचेतना कार्यक्रम संचालन ।
- विधालय एंवम समुदायमा दादुरा रोग सम्बन्धि स्वास्थ्य शिक्षा संचालन ।
- एकिकृत जनस्वास्थ्य अभियान अन्तर्गत एकितृत घुम्ति स्वास्थ्य सेवा संचालन ।

## काठेखोला गाउँपालिका

- २०८२ माघ महिनामा सम्पादित स्वास्थ्य कार्यक्रमहरुको स्वास्थ्य संस्था प्रमुखहरुसँग मासिक समीक्षा कार्यक्रम संचालन।
- विद्यालय स्वास्थ्य कार्यक्रम संचालन गरीएको।
- नसर्ने रोगको स्क्रिनिङ कार्यक्रम संचालन गरीएको।
- पूर्ण खोप सुनिश्चितता तथा दिगोपना सम्बन्धी घरधुरी सर्वेक्षण कार्यक्रम संचालन गरीएको।
- विद्यालयहरुमा अध्ययनरत किशोरी तथा विद्यालय नजाने किशोरीहरुका लागि HPV खोप अभियान २०८२ मार्फत खोप प्रदान गरीएको ।
- वडा २, ५, ६ र ८ का गर्भवतीहरुका लागि ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम संचालन गरीएको।
- महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुको नियमित मासिक बैठक संचालन।

## बरेङ गाउँपालिका

- नयाँ नर्सिङ कर्मचारीहरुको लागि MNH सम्बन्धि अभिमुखिकरण संचालन।
- HPV खोप अभियान संचालन। ।
- पुर्ण खोप सुनिश्चितता दिगोपनाको लागि घरधुरी सर्वेक्षण ।
- विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन।
- नियमित सेवा प्रवाह सम्बन्धि कार्यक्रम संचालन।



| तमानखोला गाउँपालिका | ताराखोला गाउँपालिका |
|---|---|

**तमानखोला गाउँपालिका**

- स्वास्थ्य संसस्थाहरूले माघ महिनामा सम्पादित कार्यक्रमहरुको मासिक समीक्षा , डाटा भेरिफिकेसन तथा भ्यालिडेसन।
- खुङ्खानी स्वास्थ्य चौकीको एकिकृत अनुगमन तथा पृष्ठपोषण।
- तमान स्वास्थ्य चौकीमा आईएमएनसिआई कार्यक्रमको स्थलगत अनुशिक्षण।
- वडा न ३ र ४ का गर्भवती महिलाहरुको ग्रामिण अल्ट्रासाउण्ड ।
- खुङ्खानी स्वास्थ्य चौकी ब्यवस्थापन समितिका पदाधिकारी, सेवा प्रदायक, किशोरकिशोरी तथा शिक्षकहरुलाई किशोरकिशोरीमैत्री स्वास्थ्य सेवा सम्बन्धी अभिमुखिकरण कार्यक्रम ।

**ताराखोला गाउँपालिका**

- नियमित एच.पि.भी खोप अभियान कार्यक्रम संचालन
- पुर्ण खोप सुनिस्चितता तथा दिगोपना कार्यक्रमको लागि घर धुरी सर्बेक्षण कार्यक्रम सम्पन्न ।
- स्वास्थ्य संस्था प्रमुखहरुको मासिक समिक्षा बैठक सम्पन्न
- राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयं सेवीकाहरुको लागि १० दिने आधारभुत तालिम संचालन।
- दादुरा रोग नियन्त्रणको लागि सचेतना कारर्यक्रम।
- विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम ।
- परिवार योजना सेवा सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न ।
- नियमित ग्रामिण भिडियो कार्यक्रम।

## जन्मदिनको शुभकामना!




# स्वास्थ्य सम्बन्धी आपतकालीन नम्बरहरु

| क्र.स. | कस्तो अवस्थामा | सम्पर्क नम्बरहरु | सम्बन्धित निकाय |
|---|---|---|---|
| १. | दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरुलाई हवाई उद्धार गर्नु परेमा | ९८५१२५५२५४<br>०१-४२००३२८<br>०१-४२००३३७ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सिंहदरबार, काठमाडौं |
| २. | आत्महत्या तथा आत्महानिको सोच आएमा ती सोचलाई हटाउनको लागि नमस्ते र NCELL नेटवर्कबाट दिइएको हेल्पलाईनामा कल गरी २४ सै घण्टा निःशुल्क सेवा लिन | ११६६ | मानसिक अस्पताल लगनखेल र टि.पि.ओ. नेपाल |
| ३. | कुनै अनपेक्षित जनस्वास्थ्य घटना, रोग सम्बन्धी लक्षण देखिएमा | हेल्लो स्वास्थ्य १११५ | ईपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा |
| ४. | तत्काल प्रहरीको सहयोग चाहिएमा | १०० | नेपाल प्रहरी |
| ५. | तत्काल दमकल सेवा | १०१ | जुद्ध बारुण यन्त्र |
| ६. | तत्काल एम्बुलेन्स सेवा चाहिएमा | १०२ | नेपाल एम्बुलेन्स सेवा |
| ७. | विपद सम्बन्धी सूचना, जानकारी र उद्धारका लागि | ११४९ | राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्र |
| ८. | मौसम तथा बाढी सम्बन्धी जानकारीको लागि | ११५५ | जल तथा मौसम विज्ञान विभाग |
| ९. | बालबालिकामाथि हुने दुर्व्यवहार, बेवास्ता, शोषण, हिंसा तथा हेरचाह, परामर्श, र बाल हेल्पलाइनको लागि | १०९८ | राष्ट्रिय बाल अधिकार परिषद् |
| १०. | लैंङ्गिकतामा आधारित हिंसा वा महिला हिंसा भएको खण्डमा सहयोग लिन | ११४५ | राष्ट्रिय महिला आयोग |

E-HEALTH NETWORK
SHISIRADHIKARI.COM.NP













## सुझाव र प्रतिक्रियाका लागि

baglungdho@gmail.com

hobaglung.gandaki.gov.np

068-520308

प्रकाशित मितिः २०८२ चैत्र १